त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति :- २०८२/०२/१२

विषयः बैठकको निर्णय सार्वजनिक गरिएको ।

यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८२ जेठ ११ गतेको सत्रौं बैठकका महत्वपूर्ण निर्णयहरुको संक्षिप्त व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि तपसिल अनुसार सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | • आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाको लागि गाउँपालिका उपाध्यक्ष लेखमणी डाँगीको संयोजकत्वमा कार्यदल गठन गर्ने । | |
| २ | • त्रिवेणी गाउँपालिकाको कक्षा १-८ को स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने । | |
| ३ | • चालु खर्च व्यवस्थापनको लागि गाउँ सभाको वर्षे अधिवेशनबाट अनुमोदन हुने गरी बजेट रकमान्तर गर्ने । | |
| ४ | • स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको बाँकी बजेटबाट नेर्पा धारमखोला सडकमा नाला र जालीवाल निर्माण र जुगार जागरबोट लिङदुङ सडकको कालोपत्रे मर्मत गर्ने । | |
| ५ | • मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत गाउँपालिकामा सञ्चालित दिगो कृषि परियोजनाको सम्पन्न भएका क्रियाकलापहरुको प्रदेश सरकारबाट भुक्तानी माग गर्ने । | |
| ६ | • आगामी आ.व. को बजेट तथा कार्यक्रम तर्जुमाको लागि गाउँ कार्यपलिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने । | |
| ७ | • वडातर्फ विनियोजन हुने प्रस्ताव गरिएको थप बजेट सिलिङको वडागत सीमा निर्धारण गर्ने । | |
| ८ | • गाउँपालिकाको नयाँ ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापनको लागि इन्धन, चालक, सहयोगी, व्यवस्थापक लगायतको व्यवस्था गर्ने । | |
| ९ | • चालु आ.व. का सम्पन्न भएका योजना तथा कार्यक्रमको भुक्तानी माग गर्न ताकेता गर्ने । | |
| १० | • आर्थिक सहायता माग सम्बन्धी निवेदन उपर छलफल गरी सहयोग उपलब्ध गराउने । | |
| ११ | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. ५ मा सञ्चालित कर्मचारी तथा जनप्रतिनिधि आवास निर्माण योजनालाई जस्तापाता उपलब्ध गराउने । | |
| १२ | • जुगार र नुवागाउँ प्रहरी चौकीको लागि एक/एक थान कम्प्यूटर र प्रिन्टर उपलब्ध गराउने । | |

✆ **Toll Free No. :** +977-16608644965 | ☎ **Phone No.:** +977-9857824585
**Website :** http://www.trivenimunrolpa.gov.np | **Email :** info@trivenimunrolpa.gov.np

| | | |
|---|---|---|
| १३ | • जुगार प्रहरी चौकीलाई इलाका प्रहरी कार्यालयमा स्तरोन्नती गर्न जिल्ला शान्ति समितिलाई सिफारिस गर्ने । | |
| १४ | • मरबाङ झोलुङ्गे पुल निर्माण योजनाको म्याद थप गर्ने । | |
| १५ | • बुराजङ मजुवा लिफ्टिङ सिंचाई योजनाको कार्य यथाशीघ्र अगाडि बढाउन निर्देशन दिने । | |
| १६ | • जुगार निगालपानी सडकको ह्राप खोलामा पहिरो नियन्त्रणको लागि स्रोत व्यवस्थापन गर्ने । | |
| १७ | • गाउँपालिकाको एम्बुलेन्स सेवाको शुल्कलाई संशोधन गर्ने । | |

(कविराज बुढा)
प्रवक्ता